परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक २६ २०७७ माघ ११ गते आईतवार Sunday 24, Jan, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## सातवटा शाखामा बैशाखदेखि सिचाई सुचारु

विराटनगर । बाढीले लोहन्द्रा खोलाको पुल र नहरको साईफन बगाएपछि लोहन्द्रा खोला देखि पूर्वमा रहेको सुनसरी मोरंग सिंचाई आयोजनाका ७ वटा शाखाका किसानहरु सिचाईवाट बञ्चित रहेकोमा आउने बैशाखमा सिंचाई सुचारु हुने भएको छ ।



सुनसरी मोरंग सिचाई आयोजनाका प्रमुख भिलानन्द यादवका अनुसार आषिश स्वामी नरायण आशिर्वाद जेभी कन्ट्र्याक्टरसंग २०७६ साल फागुन ३० गते लोहन्द्रा खोलाको पुल र नहरको पानीकोलागि नदीमा साईफन बनाउन २९ करोड, ९७ लाख ५६ हजार ७ सय ७१ रुपियाँ २० पैसामा सम्झौता भएको छ ।

सो सम्झौता अनुसार कन्ट्र्याक्टरले २०८० भाद्र ३० गते सम्म कार्य सम्पन्न गर्नु पर्ने भएता पनि लोहन्द्रा पूर्वका ७ वटा शाखाहरुको १३ हजार हेक्टर जमिनमा सिचाई अबरोध भएकोले कम्तीमा साईफन बनाउने कार्य चैतमा सम्पन्न गरी जसरी भएपनि २०७८ साल बैशाखमा सिचाईको लागि कोशीको पानी संचालन गर्ने सोचका साथ द्रुतगतिमा काम गराई रहेको यादवको भनाई छ ।

सुनसरी मोरंग सिचाई आयोजनाका इन्जिनियर नित्यानन्द झाको अनुसार लोहन्द्रा नदीको साईफन र पुल दुवैको काम द्रुतगतिमा भई रहेको छ । पुल सम्झौता अनुसार समय भन्दा पहिले नै निर्माण गर्ने लक्ष्य भएता पनि लोहन्द्र खोला पूर्वका किसानहरुको खेतीमा सिचाईको लागि साईफन निर्माणको काम सम्पन्न गरी किसानहरुलाई कोशी नहरको पानी सिचाईका लागि आउने बैशाखमा पानी संचालनको लागि द्रुतगतिमा काम भई रहेको वताए ।

लोहन्द्रा खोलामा बनिरहेका पुलको लम्बाई १ सय ५२ मिटर र चौडाई १० मिटर रहेको छ । पुलको निर्माण समयमै सम्पन्न गर्न प्रतिवद्धता जनाउँदै नहरको पानी संचालनको लागि खोलाको साईफन चैत भित्र सम्पन्न गरी बैशाखमा पानी संचालन गर्न लागि परेको ठेक्कदार कम्पनी तर्फका इन्जिनियर शिवनारायण यादवले जानकारी दिए ।

बेलवारी नगरपालिका वडा नं.

वांकी अन्तिम पेजमा...

## लागुऔंषध कारोवारमा संलग्न एक महिला सहित चार पक्राउ

बिराटनगर । लागुऔषध कारोवारमा संलग्न एक जना भारतीय महिला सहित चार जना लाई प्रहरीले पक्राउ गरेको छ ।

बिराटनगर महानगरपालिका वडा नं. १५ स्थित सिमा एरिया बाट प्रतिबन्धित लागुऔषध सहित पक्राउ पर्नेमा भारत अररिया जोगवनी वडा नं. ४ की ४० बर्षीया लक्ष्मी देवी साह रहेकी छिन । उनलाई शुक्रबार सिमा प्रहरी चौकी रानीबाट खटिएको प्रहरी टोलीले एसपामो प्रोक्सोभोन ७ सय २० ट्याब्लेट र फेनारगन ६० एम्पुल सहित पक्राउ गरेको हो ।

त्यसै गरी झापा दमक नगरपालिका वडा नं. ८ स्थित सेतुमारी रोडबाट दुई जना लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित पक्राउ परेका छन । पक्राउ पर्नेमा मोरङ रतुवामाई नगरपालिका वडा नं. २ का २१ बर्षीय कनैया गनगाई र वडा नं. ८ का २० बर्षीय राज कुमार गनगाई रहेका छन ।

शुक्रबार विशेष सुराकका आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले को २१ प १०३ नम्बरको मोटरसाईकलमा सवार गरी आएका उनिहरु दुबै जनालाइ नियन्त्रणमा लिएको थियो । नियनत्रण पश्चात उनिहरुमाथी चेकजाँच गर्दा ३६ ग्राम खैरोहिरोईन ब्राउनसुगर पेला पारी बरामद गरिएको हो ।

पक्राउ पर्नेहरुसंग नगद ४ हजार ७ सय रुपैया समेत बरामद गरिएको ईलाका प्रहरी कार्यालय दमकले जनएको छ ।

झापाको मेचीनगर वडा नं. ६ स्थित मेचीपुलबाट मोरङ उर्लावारी नगरपालिका वडा नं. २ को ३१ बर्षीय सुजन परियार लागुऔषध सहित पक्राउ परेका छन । उनलाई शुक्रबार लुपिजेसिक १० एम्पुल, फेनारागन १० एम्पुल र डाइजेपाम १० एम्पुल लागुऔषध सहित पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय काकरभिट्टाले जनाएको छ । लागुऔषध सहित पक्राउ परेका चारै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको छ ।

## मधेशी जनताको अधिकारका लागि एकता आवश्यक

विराटनगर । मधेशी जनताको अधिकारको अवाज उठाउने प्रणेताको रुपमा चिनिएको स्व. गजेन्द्र नरायण सिंहको १९ औं स्मृति दिवसको अवसरमा मधेशी जनताको अधिकारका लागि एकताको आवश्यकता रहेको औल्याएका छन् ।

गजेन्द्र नारायण सिंह स्मृति प्रतिष्ठान शाखा कार्यालय मोरंगले आयोजना गरेको कार्यक्रमका प्रमुख अतिथी पूर्व उपप्रधान मन्त्री बद्री प्रसाद मण्डल सो कुरा भन्दै मधेशी राजनीतिक दलमा देखिएको झैझगडा, आपसी मनमुटाउको राजनीति छोडेर जो जहां भएपनि मधेशी जनताको लागि आवाज उठाए मात्र सच्चा सिंह प्रतिको श्रद्धाञ्जली हुने वताए ।

सिंहले उठाएको प्रमुख एजेन्डाहरुमा नागरिकता समस्या, आरक्षण (समानुपातिक समावेशिता), जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको गठन तथा सघीयता रहेका थिए । सिंहको त्याग इमानदारी एवम् विचारलाई ओझेलमा पारेर मधेशी दलहरु व्यक्तिगत स्वार्थमा लागेर असफल बन्दै गई रहेको वताए ।

त्यसैगरी पत्रकार रामरिझन यादवले भने मधेशीको अधिकार सुनिश्चित गर्ने हो भने मधेशीहरु छोरा-छोरीलाई डाक्टार, इन्जिनियर, अमिन लगाई टेकनिकल पढाईले हुँदैन छोराछोरीलाई प्रशासन, कानुन, राजनीति लगायतको पढाईमा ध्यान दिनुका साथै नेता लगायत प्रत्येक मधेशी जनताले अध्ययन शिल हुर्नु पर्छ वताए ।

उक्त स्मृति दिवसमा जनता समाजवादी पार्टीका जिल्ला अध्यक्ष मो.कादिर, सजपाका नेताहरुमा रामचन्द्र यादव, मन्तलाल यादव, नन्दलाल मण्डल, श्यामनन्दन शर्मा लगायतले मन्तव्य राखेका थिए । सो अवसरमा तीनजनालाई दोसल्ला ओढाएर सम्मान समेत गरेका थिए ।

स्मृति दिवस जगरनाथ राजवंशीको अध्यक्षतामा भएको थियो भने स्मृति प्रतिष्ठान मोरंगका संयोजक सुरेश मण्डल रहेको छ ।

सिंहको छोटो परिचय :

गजेन्द्र नारायण सिंहको वि.स. १९८६ सालमा सप्तरीको कोईलाडी गाविसमा भएको हो । भगवान रामको जन्म दिनमै बुबा स्व. के.सी.सिंह र आमा स्व.राधादेवीको कोखिबाट जन्मेका गजेन्द्र बाबु मरेर पनि अमर रहेका छन् ।


भारतको बनारसबाट आईए उतिर्ण गरेका सिंह २००७ सालदेखि नेपाली काग्रेसमा आवद्ध भई राजनितिक क्षेत्रमा प्रवेश गरे । उनी २०३३ सालसम्म नेपाली काग्रेसका सक्रिय भएर लागेका थिए ।

२००७ साल जेठ १९ गते १८ वर्षकै उमेरमा सिंह जेल चलान भएको

वांकी अन्तिम पेजमा...

## गुरुकुलमा संध्या नाटक मञ्चन

विराटनगर । आरोहण गुरुकुल विराटनगरमा शुक्रवारदेखि नाटक 'सन्ध्या' मञ्चन सुरु भएको छ ।



नाटक मञ्चनसँगै कोरोना महामारीका कारण लामो समयदेखि बन्द रहेको नाटकघर खुला भएको घोषणा पनि गरिएको छ ।

हाटखोलास्थित सुशीला कोइराला नाटकघरमा माघ १३ गतेसम्म दैनिक दिउँसो ३ बजे नाटक मञ्चन हुने भएको छ ।

अयोग्य लडाकुको प्रेम सम्बन्धलाई नाटकमा उतारिएको छ । धीरज राईको लेखन तथा दिपेश भण्डारीको निर्देशनमा तयार उक्त नाटक २ वर्षअघि पनि मञ्चन गरिएको थियो ।

नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै नाटकघर सबैका लागि खुला भएको छ । नाटकमा विकास पराजुली, सविन भट्टराई, जिना कार्की, अनुपमा बास्तोला, प्रदीप दाहाल, मिलन राई, अशोक गौतमले अभिनय गरेका छन् ।

लकडाउन अन्त्य भएको लामो समयपछि मात्र नाटकघरहरु खुल्न थालेका हुन् । विगत १० महिना बढि समयदेखि ठप्प रहेको रंगमञ्च

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## धर्म...

इस्लामको लडाइँ । अफगानिस्तान को लडाइँ पनि धर्म कै आडमा लडिइएको छ । इराक र इरानको युद्ध पनि एउटै धर्मका दुई हाँगाको लडाइँ हो । के यी सबै धर्म लडाउनलाई बनाएको हो ? धर्म त मनुष्यता मात्रको एकताको सन्देश दिन बनाइएको हो ।

मोहम्मद, कृष्ण, जीसस सबैले हामीलाई प्रेम गर्न सिकाए । तर, उहाँहरुका नाममा हामी हजारौं वर्षदेखि लड्दै आइरहेका छौं । उहाँका नाममा जो कथाकथित धर्महरु सृजना गरिएका छन्, ती धर्म नभएर सम्प्रदाय मात्र हुन् । यिनीहरु विदा हुने समय आयो । यसको शंखानाद गर्ने व्यक्तिको आवश्यकता थियो र त्यस्तो व्यक्ति पैदा भयो, जसको नाम ओशो रजनीश हो ।

अब सम्प्रदायको कुनै मूल्य छैन र तिनको कुनै भविष्य छैन । आज प्रविधिले मनुष्यलाई एक बनाएको छ । विज्ञानले यो पृथ्वीलाई गाउँ जस्तो नजिकै ल्याइदिएको छ । हामी आज एक परिवारजस्तो भएका छौं । खाली राजनीति र धर्मले मात्र मानिसलाई विभाजित गरिरहेको छ ।

यो विभाजनको रेखा कोर्ने खाली दुई चिज छन् - धर्म र राजनीति । यिनीहरुले मानिसलाई जवरजस्ती भौतिक र मनोविज्ञानिक सीमाहरु कोरिदिएका छन् । नैसर्गिकरुपले मनुष्य- मनुष्यमा कुनै विभेद छैन, पृथ्वीमा कुनै सीमारेखा छैन । तर, कृत्रिमरुपले सृजना गरिएको विचार र धर्मको दासताले मात्र मनुष्यलाई दु:खी बनाएको छ । आज एक स्थानमा बिहानको खाजा खाएर अर्को महादेशमा हामी दिउँसोको भोजन गर्न पुग्न सक्छौं । धर्म र राजनीति अब अनावश्यक भइसके । यो दुवैलाई हामीले नयाँ परिभाषा दिनुपर्छ ।

एक्काइसौँ शताब्दीको धर्ममा अब विभाजन हैन, समन्वय हुन्छ । यो समन्वयले मात्र विश्वमा शान्ति स्थापित गर्न सक्छ । मेरै धर्म, मेरै राष्ट्र, मेरै जाति ठीक भन्ने मनुष्यको जुन अहंकार छ, त्यसको मूल्य हामीले धेरै चुकारहेका छौं । यो आशान्तिको मुख्य कारण के हो भने असहिष्णुता । अर्काको विचार सुन्ने क्षमता नहुनु । यही गलत संस्कारको कारणले विगतमा हामीले यति युद्धहरु गऱ्यो ।

महावीरको अनेकान्तवादको समय आएको छ । सबै हामी आ-आफ्नै ठाउँमा ठीक हुन सक्छौं, खाली हाम्रो हेर्ने कोणमात्र फरक होला । यो फरक कोणबाट हेरेको हुनाले वास्तविकता फरक-फरक तरिकाले देखिएको होला । यो दृष्टिकोण पैदा गर्नुपर्छ । यो दृष्टिकोण पैदा गर्ने व्यक्ति हुनुभयो ओशो रजनीश । अब ओशोपछिको जुन अध्यात्म पैदा हुन्छ, त्यो समन्वयवादी हुन्छ । ओशोले आफ्नो नाममा कुनै नयाँ धर्म स्थापना गर्न चाहनुभएन ।

ओशोले भन्नुभयो - 'म कुनै नयाँ सम्प्रदाय बनाउन इच्छुक छैन । साना ठूला गरेर करिब तीनसय धर्म पृथ्वीमा अस्तित्वमा छन् र तिनका अनेक उपधर्म र सम्प्रदायहरु छन् । यिनीहरुले अघि नै धेरै विभाजनका रेखाहरु कोरिसकेका छन् कि म मनुष्यतालाई बाँड्न त्यसमा अर्को विभाजनको रेखा कोर्न चाहान्न । जुन विभाजित मनुष्यता छ, त्यसलाई म एकाकार गरी एक विशाल मनुष्यताको निर्माण गर्न चाहान्छु । हामी सबै माथि एउटै आकाश छ, हामी सबै एउटै पृथ्वीमा छौं । एउटै हावा छ, जल छ । हामी किन विभाजित हुने ? यस्तो हाम्रो समग्र दर्शन हुनुपर्यो । यो दर्शनले मात्र मनुष्यलाई युद्धको विभीषिकाबाट बचाउन सक्छ ।

सामन्तवादी सोचाइ र अर्काको विचारप्रति असहिष्णुताका कारणले आज विश्वको कुनै पनि देशमा केही न केही किसिमको आतंकवाद देखापरेको छ । अरुको दृष्टिकोण पनि सही हुन सक्छ भन्ने हामी मान्न तयार छैनौं । मैले सोचेको मात्रै ठीक, अरुको कोणबाट हेर्न नसक्ने असक्षमताको कारणले मनुष्यले ठूलो मूल्य चुकाउँदै आएको छ ।

यसमा सही चिन्तन आउनासाथ पृथ्वीबाट युद्ध विदा हुन्छ । प्रेम, मित्रता, स्नेह र अहोभावमा आधारित धर्मले मात्र विश्वमा शान्ति ल्याउँछ । यही आस्था र विश्वासमा बाँच्नु नै ओशोप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।अनलाईन खबरबाट

## सातवटा...

५ कसेनीको बक्राह खोलाको पुल र नहरको साईफन २०७२/०७३ सालको बाढीले बगाएपछि खोला पुर्वका बरियाती शाखा, नयाँपट्टी शाखा, आमझोडा शाखा, रंजनी माईनर शाखा, किसान माईनर शाखा, झमनपुर शाखा र हरकपुर माईनर शाखाका १३ हजार हेक्टर जमीनमा ५ बर्ष देखि सिचाई अवरोध भई किसानहरु मार्कामा परेका छन् भने लाखौ जनतालाई आवतजावतमा समस्याा रहदै आएको छ । सुनसरी मोरंग सिचाई आयोजनाले कुल ६८ हजार हेक्टर जमीनमा सिचाई गर्दै आएको छ ।

त्यसैगरी महादेवकोल शाखाको आर्मी क्याम्प नजिकैको स्केप बनाउन एकदम आवश्यक छ सो नभएर जहदा गाउँपालिकाको वडा नं. ५, ६ र ७ मा सिचाई अवरोध भएको छ । ८० प्रतिशत भीसीहरु जीर्न भएकोले मर्मत र केही ठाउँहरुमा सरसफाई समेत गर्नुपर्ने र सर्भिसरोडहरुमा ग्राभेलको समस्या रहको स्थानीय किसानहरुले गुनासो गरेका छन् ।

## मधेशी...

तथा ७ वर्ष सम्म जेलमै जीवन उनले बिताए ।

२०१८ सालदेखि २०२९ साल सम्म भारतमा प्रवासी जीवन बिताएका उनी २०३४ सालमा पूर्वाञ्चल संयोजक भएका थिए ।

२०३६ सालको जन्मत संग्रहमा निर्दल विरूद्ध संघर्ष गरेका उनी २०४० सालमा नेपाल सद्भावना परिषद गठन गरेका थिए ।

परिषदका संयोजक आफै रहेका सिंह २०४३ सालमा राष्ट्रिय परिषदको चुनाव जिति प्रतिनिधि सभामा भाग समेत लिएका थिए । त्यस पश्चात उनी २०४७ सालमा नेपाल सदभावना पार्टी गठन गरि २०५३ साल सम्म पार्टीको अध्यक्ष पदको जिम्मेबारी सम्हालेका थिए ।

२०४८ सालदेखि २०५३ सालसम्म सप्तरी संसदीय क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा विजयी भएका उनी २०५२ साल भदौ महिना पछिको संयुक्त सरकारको गठन पछि निरन्तर रूपमा मन्त्री बने ।

उनी विभिनन समयमा आपूर्ति, स्थानीय विकास, उद्योग, विज्ञान तथा प्राविधि मन्त्री भए । उच्च रक्तचापका कारण २०५८ माघ १० गते उनको निधन भयो ।

## गुरुकुलमा...

क्षेत्र खुला भएसँगै जोखिम कम गर्दै नियमित रुपमा नाटक मञ्चन गर्ने तयारीमा रंगकर्मीहरु लागेका छन् ।

## कविता

### यो प्यारो नेपाल

१
सानु सुन्दर प्रकृति सुसज्जित नेपाल
तराई पहाड विचित्र हिमजत खण्ड हिमाल ।
हाँसे हाँस्यो नौलाख ताराबिच नेपाल
विश्वको अमर ज्योति भई बन्दैछ यो प्यारो नेपाल ॥

२
कलकल झरनाको झर्र-झर्र आवाज
सल-सल बग्ने सयौं नदीका सुस्केरा आवाज ।
तरंग तरेली उठ्दछन् नदीका छालहरुमा
बन्दछन् छाया-दर्पण हिमालका रारा तालहरुमा ॥

३
उकाली ओराली खोलानाला पारी
यहाँ छन् लेक बेसी समथर हिमचुलीहरु सारी ।
हिमाल देखि तराई सम्म मेची देखि महाकाली
जन्मेछन् वीर महापुरुष भन्दै 'म' हुँ नेपाली ॥

४
डाँडा काँडामा ढकमक्क फूलेछन् गुराँसहरु
शान्तिको मिठो बासना छरेर ।
जङ्गलै-जङ्गल नाच्दछ मयुरहरु
खुशीको कर्णप्रिय गीत गाएर ॥

५
लाग्दछ मलाई यो नेपाल धर्ती अम्वर
यहाँ रहेछन् कला, संस्कृतिका भण्डार ।
फूल्दछन् कलाका सृजनाहरु नेपालीको हातमा
श्रृजना हुदैछन् अदभुत कलाहरु यही देशो माटोमा ॥

६
ओठमा हाँसो दिलमा नेपालको चित्र
नशा-नशामा नेपालको माया छ यो शरिर भित्र ।
सात समुन्द्र कन्दरा जहाँ भएपनि
अथाह मायाप्रिती छ मलाई जति खिन्नता भएपनि ॥

ʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊ

**कलश ठाकुर**
**श्री गणेश माध्यमिक विद्यालय**
**रंगेली नगरपालिका चोप्राह**




## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल हाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# मधेशी दलहरुको असफल प्रयास

मधेशी जनताको हक अधिकारका लागि नागरिकताको समस्या, आरक्षण, समानुपातिक समावेशिता र जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको गठन तथा सघीयताको आवाजलाई अगाडी सारेका प्रणेता गजेन्द्र नारायण सिंहको १९ औ स्मृति दिवस माघ १० गते मधेशी राजनीतिक दलका नेताहरु आ-आफ्नै तरिकाले मनाएका छन् । उक्त अवसरमा राजनीतिक दलका नेता तथा नागरिक समाजका अगुवाहरुले अहिलेको अवस्थामा मधेशीदलहरुले स्मरण गरे पनि व्यवहारमा आ-आफ्नै रोटी सेक्ने असफल प्रयासमा लागेको आरोप लागेको छ । सिंहकै अनुसरणमा विभिन्न मधेश केन्द्रित राजनीतिक दलहरु खुले र अधिकार र पहिचानको लागि मधेशमा बुलन्द गर्ने २०६३, २०६४ र २०७२ साल गरी तीवटा आन्दोलहरु भए र आन्दोलनको क्रममा दर्जनौ शहिद, सैयौंको संख्यामा अंगभग र केही नेताहरु अहिलेपनि जेल जीवन विताई रहको छ । त्यसप्रति कुनै मधेशी राजनीतिक पार्टीले वास्ता गरेको छैन जसका कारण मधेशी राजनीतिक दलहरुको अस्तित्व गुम्न थालेको छ

त्यसैगरी माघ ५ गतेलाई आधार मानेर बलिदानी दिवस मनाइरहँदा सर्वसाधारणदेखि बुद्धिजीवीलाई समेत एउटै प्रश्नले घोचिरहन्छ, 'आन्दोलनबाट मधेसी जनताले के पाए ? दलीय राजनीतिमा होमिएका सीमित नेतालाई सत्ता प्राप्ति र सत्ताबाट बहिर्गमन गराउने चालबाजीबाहेक अन्य के उपलब्धि रह्यो त मधेस आन्दोलनको ?' लोकतान्त्रिक शासन प्रणालीमा अधिकार प्राप्तिका लागि जनता आन्दोलनमा होमिनु स्वाभाविक हो । यस अर्थमा मधेस आन्दोलनले लोकतन्त्रको जगलाई बलियो बनाएको सत्य हो । सँगसँगै मधेसलाई केन्द्रीय राजनीतिको मूल प्रवाहमा जोडेको छ । संघीयता, समानता, समावेशिता, राज्यका हरेक अंगमा आरक्षणलगायतका महत्त्वपूर्ण उपलब्धि आन्दोलनले मधेसी जनतालाई दिलाएको छ । दुःखको कुरा त राजनीतिक नेतृत्वमा रहेकाहरूले नै यस्ता विसंगतिलाई मलजल गरिरहेका छन् ।

संघीयता र समावेशिताको अनुभव अझै गर्न पाएका छैनन् । सुशासन र सेवासुविधामा मधेसी जनताको पहुँच विस्तार हुन सकेको छैन । आन्दोलनमा शहादत दिएका सहिद परिवारको अवस्था जस्ताको तस्तै छ । सहिद परिवारले कसरी गुजारा चलाएका छन् ? बुवाआमाको अवस्था कस्तो छ ? कसैलाई मतलब छैन । सरकारको काम गर्ने पुरानै शैलीका कारण जनतामा असन्तुष्टि व्याप्त छ । आक्रोश चुलिँदो छ । आधा दर्जन राजनीतिक पार्टीमा बाडीएका मधेशीहरु फेरी एकपटक एक ठाउँमा जोडिएकोछ । एकताको शक्तिले नै मधेशीको अधिकार सुनिश्चित गराउने पक्का छ । आधा दर्जनभन्दा बढी मधेशी राजनीतिक दलहरु मध्ये ७ वटा मिले जनता समाजवादी पार्टी बनेको छ । यो मधेशी जनताको लागि सुखद कुरा हो । अवका दिनेमा आ-आफ्नो व्यक्ति गत रोटी सेक्न छाडेर मधेशी जनताको अधिकारको लागि काम गर्नु पर्ने आवश्यक देखिन्छ ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# धर्म र राजनीति अब अनावश्य भइसके

## विभाजन हैन, समन्य : यही नै ओशोप्रति सच्चा श्रद्धाञ्जली हुनेछ

स्वामी आनन्द अरुण

ओशोको महापरिनिर्माण १९ जनवरी १९९० मा भयो । कुनै पनि बुद्ध पुरुषले यो संसारबाट बिदा लिएको दिनलाई हामी महापरिनिर्माण दिवस भन्छौं किनभने पृथ्वीबाट यो अन्तिम विदाइ हो ।

अन्य व्यक्तिको विदाइ केही समयका लागि हुन्छ र उनीहरु फेरि शरीर लिएर कुनै न कुनै रुपमा आउँछन् । तर, जब आत्मबोध गरेको, पूर्णतः जागृत व्यक्ति पृथ्वीबाट विदा हुन्छ, त्यस्तो विदाइलाई हामी महापरिनिर्वाण भन्छौं । यस्ता पूर्णतः जागृत व्यक्तित्वहरु जब पृथ्वीबाट बिदा हुन्छन् उनीहरु फेरि फर्केर शरीर धारण गर्न यो पृथ्वीलोकमा आउँदैनन् ।

तर, शरीर नलिए पनि त्यस्ता बुद्ध पुरुषको चेतनाले यो पृथ्वीबाट कहिल्यै विदा पनि लिँदैन । किनभने, हामी त्यसलाई बिर्सन सक्दैनौं । त्यस्ता व्यक्तिहरूको चेतना ब्रह्माण्डीय हुन्छ । त्यस्तो चेतना सारा जगत र मनुष्यको स्मृतिमा दीर्घकालीन रुपले रही रहन्छ ।

ओशोको जन्म ११ दिसम्बर १९३१ मा भयो । तर, उहाँको करुणाले कहिलेपनि यो जगतलाई छोडेर जाँदैन । जबसम्म यो पृथ्वी रहन्छ, ओशो कुनै न कुनैरुपमा जीवितै रहनुहुन्छ । त्यस्तो उपस्थिति सबै जागृत व्यक्तिको हुन्छ । समाधि, आत्मबोध र निर्वाण प्राप्त गरेका सबै व्यक्तिहरूको चेतनामा यो क्षमता हुन्छ ।

आत्म जागृति मनुष्यको सबैभन्दा ठूलो सौभाग्य हो । यस्ता सौभाग्यशाली व्यक्तिहरु पृथ्वीमा विगतमा पनि थिए, आज पनि छन् र भविष्यमा पनि हुनेछन् । बुद्धत्वको यो परम्परा चलिरहनेछ । यस्तो कुनै अवस्था छैन जुनबेला पृथ्वीमा आत्म उपलब्ध व्यक्तिहरु नहुन् ।

तर, सम्बुद्ध व्यक्तिहरुमध्ये पनि कोही यस्ता हुन्छन् जसले नयाँ इतिहास बनाउँछन् । जसले मनुष्यको चेतनाको विकास क्रमलाई छुट्याउने सीमारेखा कोरिदिन्छन् । समग्र मनुष्यताको चेतनामा छलाङ् पैदा गर्छन् । परिवर्तन र क्रान्तिको बीजारोपण गर्छन् । यस्ता व्यक्तिहरु इतिहास निर्माता हुन् ।

मनुष्यको इतिहासलाई दुई भागमा विभक्त गर्ने जीसस क्राइस्ट अद्वीतिय छन् । जीससको पदार्पणले इतिहासलाई जीसस अघि र जीसस पछिको दुई कालखण्डमा विभक्त गरिदियो - एडी र बीसीमा । उहाँको उपस्थितिको यति ठूलो प्रभाव पर्यो कि हामीले समयलाई दुई खण्डमा बाँडिदियौं । त्यस्तै बुद्धपछिको धर्मले नयाँ भाषामा बोल्न थाल्यो । सम्यक जागरण र आत्मसाधनामा आधारित नयाँ धर्मको आधारशीला बस्यो । धर्मले वैज्ञानिक भाषा बोल्न थाल्यो ।

आज एउटा वैज्ञानिक आध्यात्मको आवश्यकता छ । कर्मकाण्ड र अन्धविश्वासमा आधारित नभएको स्वर्ग नर्क, पाप पुण्यमा आधारित नभएको । ओशोले त यतिसम्म भन्नुभयो कि त्यो धर्ममा ईश्वरको कुनै अनिवार्यता छैन ।

त्यस्तै चीनमा लाउत्सु पैदा भए । लाउत्सुपछि चीनको दर्शन र सोचाइले एउटा शिखर छोयो । लाउत्सु यति अद्भूत व्यक्ति भए कि उनलाई बुझ्न यति समय लाग्यो कि २५ सय वर्षसम्म पनि चीनबाट बाहिर उनीको नाम सुनिएन । बल्ल आएर अहिले ताओ र लाउत्सुको चर्चा सबैतिर शुरु भएको छ ।

वास्तवमा ताओ एक धर्म नभएर यो जगतसँगको सामञ्जस्यमा आधारित एक समग्र जीवनशैली हो । मानिस बौद्धिक हुँदै गएकाले उनको यो शिक्षणलाई बल्ल मानिसहरुले ध्यान दिन थालेका छन्, बुझ्न खोजेका छन् । ताओ शब्द यति प्रख्यात भयो कि यसलाई लिएर अनेक पुस्तकहरु लेखिन थालिए - ताओ फिजिक्स्, ताओ म्यानेजमेण्ट, ताओ बुक अफ लभ ।

पश्चिमी गोलार्धका हरेक देशहरुका पुस्तक पसलहरुमा ताओसँग जोडिएका विविध विषयमा लेखिएका अनेक पुस्तकहरू पाइन थालियो । चिन्तन जति नै गहिरो हुन्छ त्यसलाई बुझ्न समय लाग्छ र लाओत्सु जस्तो त्यति प्रतिभाशाली व्यक्तिलाई चीनभन्दा बाहिर बुझ्न २५ सय वर्ष लाग्यो ।

त्यसैले ओशो बेबुझ रहनुमा कुनै आश्चर्य छैन, किनभने हामीलाई थाहा छ, मनुष्यको बुझ्ने क्षमताको सीमितता । ओशो चेतनाको जगतमा ठूलो क्रान्तिकारी उछाल हो । जतिमाथिको कुरा बुद्ध पुरुषहरुले गर्छन्, सामान्य व्यक्तिले त्यो पचाउला, बुझ्ला र जीवनमा उतार्ला त्यस्तो आशा राख्नु असंभव आशा हो । । तर, ओशोले शरीर छोडेको ३० वर्ष वितिसक्दा उहाँप्रतिको भ्रम कम भएको छ ।

विगत ५२ वर्षदेखि म ओशोको कार्य विस्तार गरिरहेको छु । आज यो कार्य सजिलो हुँदै गएको छ । पत्रपत्रिका, लेखक, चिन्तक, विद्वान प्रतिभाशाली व्यक्तिहरूले ओशोलाई जति सकारात्मक तरिकाले लिएका छन्, त्यस्तो पहिला कहिल्यै भएको थिएन । यो समयको अन्तराललले मनुष्यको चेतनालाई ओशोप्रति सकारात्मक बनाएको छ । यस्तो व्यक्ति, जसले इतिहासलाई बनाउँछ, उसलाई उसकै जीवनकालमा बुझ्न गाह्रो हुन्छ । इतिहासको कालखण्डलाई नै विभक्त गर्ने यस्तो प्रतिभालाई बुझ्न अति कठिन हुन्छ ।

तपाईंले इतिहासलाई अध्ययन गर्नुभयो भने त्यस्ता व्यक्तिलाई इतिहासले अपराध पनि गरेको छ । जीसस, जसले इतिहासलाई दुई भागमा विभक्त गरिदिनुभयो उनलाई हामीले के दियौं ? जसले मनुष्यतालाई प्रेमको सन्देश दिए उनलाई यो समाजले के दियो ? मात्र क्रोध र हिंसा दियौं । हामीले बडो बर्बर तरिकाले मार्यौं । जीससलाई जति हिंसक तरिकाले हत्या गरियो, त्यति निर्मम तरिकाले अरु बुद्ध पुरुषहरुप्रति उनीहरुको कालखण्डमा त्यस्तै अपराध गरिएको छ ।

ओशोलाई पनि आफ्नो समयमा करिब २२ राष्ट्रहरुले अवाञ्छनीय व्यक्तित्व भनेर घोषणा गरे र प्रवेश दिएनन् । अमेरिकाजस्तो मनुष्यता को स्वतन्त्रताको उद्घोष गर्ने राष्ट्रले उहाँलाई पचाउन सकेन । उहाँलाई जेलमा राखियो, अति यातना दिइयो र पछि देश निकाला गरियो । अमेरिकाले पनि उहाँको चिन्तनको मौलिकता र क्रान्तिको धारलाई बुझ्न सकेन । त्यो बुझ्न कठीन नै हुँदो रहेछ ।

आज मनुष्यता अलिकति भए पनि पुरातन स्थितिबाट माथि उठेको छ । मानिसको सोचाइमा अलि उदारता आएको छ । विज्ञानले मनुष्यलाई सत्यको अनुभवका लागि खोज गर्न उदार बनाएको छ । आज पश्चिमका ४० प्रतिशत व्यक्ति कुनै संगठीत धर्ममा संलग्न छैनन् । न उनीहरु चर्च जान्छन्, न मस्जिद, न मन्दिर । उनीहरुलाई साम्प्रदायिक धर्ममा विश्वास रहेन । आज उनीहरु अध्यात्मको नयाँ परिभाषा खोजिरहेका छन् । त्यसैले आज एउटा वैज्ञानिक आध्यात्मको आश्यकता छ । कर्मकाण्ड र अन्धविश्वासमा आधारित नभएको स्वर्ग नर्क, पाप पुण्यमा आधारित नभएको ।

ओशोले त यति सम्म भन्नुभयो कि त्यो धर्ममा ईश्वरको कुनै अनिवार्यता छैन । यस्तो धर्म, जो मनुष्यको आन्तरिक जागरणमा आधारित होस्, मनुष्य चेतनाको विकासमा आधारित होस्, प्रेमपूर्ण सहअस्तित्वमा आधारित होस् ।

मनुष्यको आधारभूत मूल्यहरु सार्वभौमिक छन् । हरेक जाति, देश, राष्ट्र, कालमा तिनमा समानता छ । प्रेम र सद्भाव, दया, दान, करुणा ईख मनुष्यका मौलिक आवश्यकता हुन् । दानले हरेक मनुष्यलाई विशाल बनाउँछ । हरेक व्यक्ति र समाजमा सत्यको त्यति कै मूल्य छ । यस्ता मौलिक मूल्यमा आधारित धर्म समयको माग हो ।

हामीले जीसस, राम, मोहम्मद, कृष्णका नाममा धर्म स्थापना गरेर धेरै लड्यौं । विगत ३५ सय वर्षमा जम्माजम्मी ३ सय वर्षमात्र हामी शान्तिले बसेका छौं । मनुष्यको इतिहास हेर्ने हो भने ८ प्रतिसत समयमात्र यस्तो छ जसमा युद्ध भएको छैन । नत्र कहीँ न कहीँ युद्ध चलिरहेको हुन्छ । यदि तपाईले युद्धको आन्तरिक कारण खोज्नुभयो भने त्यसको जरो कहीँ न कहीँ साम्प्रदायिक धर्म र राजनैतिक विचारधारामा पाउनुहुन्छ ।

आज हिन्दुस्तान र पाकिस्तान बीचको जुन द्वन्द छ, त्यसका पछाडि पनि धर्म नै छ । भारत र पाकिस्तानको सीमारेखाको वरिपरि सबैभन्दा सुन्दर क्षेत्र छ कश्मीर । त्यसको वारपार जनावरहरु स्वतन्त्रतापूर्वक एक देशबाट अर्को देशमा जान्छन् । चराचुरुंगी एक देशबाट अर्को देशमा उड्छन् । तर, एक पाकिस्तानीलाई भारत र भारतीयलाई पाकिस्तान प्रवेश लगभग असम्भव छ । हामीले आज यस्तो समाजको सिर्जना गरेका छौं कि जुन स्वतन्त्रता जनावरलाई प्राप्त छ, त्यसबाट पनि हामीलाई बञ्चित गरिएको छ ।

आज जहाँ पनि लडाइँ छ, चाहे त्यो अरब इजराइलको होस्, त्यो पनि धर्मकै लडाइँ हो । यहुदी र

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

| दमकल | अस्पताल | प्रहरी |
| --- | --- | --- |
| बिराटनगर बारुणयन्त्र ४२०००० | कोशी अ.अ.इमरजेन्सी ५२४२३४ | पूर्वाञ्चल क्षे.प्र.कार्यालय ०२१-४३५००१ |
| इटहरी बारुणयन्त्र ५८०१०१ | रंगेली अस्पताल ५८००४८ | जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१०० |
| धरान बारुणयन्त्र ५२०१९९ | आँखा अस्पताल ५२३७०६ | नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०, |
| इनरुवा बारुणयन्त्र ५६०१०१ | सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ | इ.प्र.का. रंगेली ८०१००८०१३० |
| दमक बारुणयन्त्र ०२३-५८०१०१ | एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६ | इ.प्र.का. उर्लाबारी ०२१-५४०००२ |
| भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१ | | सिमा प्रहरी चौकी ०२१-४३५८४० |

**एम्बुलेन्स सेवा**

जिविसि मोरङ ५३६३५३

नेरेसो रंगेली ५८००४८

बिराटनगर उपमनपा ५२२२३६

# भारतको जोगवनीबाट ल्याएका अबैध भन्सार छलिका समानहरु प्रहरीद्धारा बरामद

विराटनगर । भारतको जोगवनी बाट अवैध रुपमा कर छली नेपाल प्रवेश गराएका लत्ताकपडा तथा विभिन्न मोटर साईकलमा प्रयोग हुने पार्टहरु प्रहरीले वेवारीसे अवस्थामा फेला पारेको छ

जिल्ला प्रहरी कार्यलयबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ११ स्थित महेन्द्र चोक नजिक भारतको जोगवनीबाट नेपाल तर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याई वेवारिसे अवस्थामा छाडिएको ४२ हजार बरावरको बिभिन्न लत्ता(कपडा तथा बिभिन्न मोटर साईकलमा प्रयोग हुने सामान फेला पारी बरामद गरिएको गरीएको छ ।



बरामद सामाग्रीहरूमा लेडिज टप कुर्ता ५५ पिस, मोजा ४९ जोर, लेडिज कुर्ता सुरुवाल सेट ३२ पिस, स्याण्डो भेष्ट ६ पिस, जामा ठुलो २ पिस, प्लाष्टीकको झोला ४ बोरा १ सय केजी, बिभिन्न मोटरसाईकल मा प्रयोग हुने पट पुर्जा २० केजी रहेको छ ।

त्यसैगरी मोरङ बिराटनगर महानगरपालिका वडा नं.१४ स्थित जतुवा नजिक भारतको जोगवनी बाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी विभिन्न किसिमका खाद्यान सामाग्रीहरु ल्याएको १९ हजार भन्दा बढिको सामान जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले वेवारिसे अवस्थामा फेला पारीएको छ ।

फेलापारीएका सामाग्रीहरूमा: पापड ११ प्याकेट, पानिपुरी ६ प्याकेट ६ केजी, रसगुल्ला १० बट्टा, ह्ययाप्पी डेन्ट चक्लेट ३ प्याकेट ४ बट्टा, बिभिन्न ब्राणडका मसला मसला १३ पिस ३ केजी, जिरा मसला १ केजी, भुजिया ११ प्याकेट ५ केजी, काजु २ केजी, विभिन्न ब्रान्डका बिस्कुट १५ प्याकेट अ २ केजी, जेल पेन २ बट्टा रिफिल २, लोटस ५ बट्टा, लेज ३९ प्याकेट, सरफ ५ प्याकेट ५ केजी, रेडबुल २० पिस, चिनि ४० केजी, बिभिन्न ब्राण्डका चक्लेट ३ प्याकेट, किसमिस ३ केजी, चिया ५ केजी, किचन किङ चामल २ बोरा, सुर्ती २ बोरा ३६ प्याकेट रहेको छ ।

फेलापारीएका सामग्रीहरु आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगर मा बुझाएको छ ।

# लागुऔषध ब्राउनसुगर र ट्यावलेट सहित पाँच जना पक्राउ

बिराटनगर । झापा र मोरङका तिन छुट्टाछुट्टै स्थानबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर र ट्याब्लटे सहित ५ जना पक्राउ परेका छन् ।

ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले आईतवार दमक नगरपालिका वडा नं. १ का ३२ बर्षीय देवेन्द्र राईलाई २ ग्राम लागुऔषध ब्राउनसुगर सहित दमक नगरपालिका वडा नं. १ बाट पक्राउ गरेको हो ।

त्यसैगरी झापाको गौरादह नगरपालिका वडा नं. १ मा लागुऔषध ब्राउनसुगरको कारोवार भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले आईतवार गौरादह नगरपालिका वडा नं. ३ का २७ बर्षीय लक्ष्मण दास र १९ बर्षीय राम शाहलाई २३ ग्राम २०० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको हो ।

मोरङको रतुवामाई नगरपालिका वडा नं. २ डोरीयाबाट लागुऔषध ट्याब्लेट सहित २ जना पक्राउ परेका छन् । सिमा प्रहरी चौकी डोरीया मोरङबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले रतुवामाई नगरपालिका वडा नं. ९ का २४ बर्षीय दिपेश घिमिरे र २४ बर्षीय संजिव भट्टराई लाई २०० ट्याब्लेट लागुऔषध ट्याब्लेट सहित पक्राउ गरेको हो । लागुऔषध सहित पक्राउ परेकाहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# जाडोको न्यानो कम्बल वितरण

बिराटनगर । १ नम्बर प्रदेश प्रहरी श्रीमती संघको आयोजनामा जाडोको न्यानो कपडा कम्बल बितरण कार्यक्रम सम्पन्न भएको छ ।

सामाजिक कार्यमा अग्र भागमा रही कार्य गर्दे आईरहेको प्रदेश प्रहरी श्रीमती संघले गरिव तथा असह्याय ब्यक्तिहरुको लागी जाडोको न्यानो कपडा कम्बल बितरण गरेको हो ।

मोरङको धनपालथान गाउँपालिका वडा नं. ३ बेतौनाका ५० घर परिवारलाई ५० थान तथा रङगेली नगरपालिका वडा नं. २ बेतौना झोडाका ५० घर परिवारलाई ५० थान गरी १ सय घर परिवारलाई १ सय थान कम्बल एक कार्यक्रमका बिच १ नम्बर प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष सृजना थापा कार्कीले जाडोको न्यानो कपडा कम्बल बितरण गर्नु भएको छ ।

सोही कार्यक्रममा कार्कीले १ सय जना असह्याय महिला तथा पुरुषहरुलाई कुर्ता सुरुवाल, सर्ट पाईन्ट लगायत अन्य लत्ता कपडा समेत बितरण गरेका थिए ।

प्रदेश प्रहरी श्रीमती संघले बिबिध सामाजिक कार्यहरु गर्दे आईरहेको सन्दर्भमा यस्ता कार्यहरुमा अझ क्रियाशिल भई अगाडी बढ्ने धारणा कार्कीले व्यक्त गरेका थिए ।

कार्यक्रममा प्रदेश प्रहरी श्रीमती संघका पदाधीकारीहरु, स्थानीय जनप्रतिनिधीहरु तथा स्थानियवासी हरुको उपस्थिति रहेको थियो ।

# राजनीतिक कोर्स परिवर्तन गर्ने ओलीको रणनीति

उपेन्द्र झा

नेपालको राजनीतिक कोर्स परिवर्तन गर्ने निर्देशित योजना अनुसार नै नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र तनाव बढाएर विभिन्न बहानामा पौष ५ गते संसद विघटन गरी सडक संघर्षलाई जन्म दिएको प्रवुद्धवर्गको आँकलन छ ।

एमाले र माओवादी दुई विपरीत धारको पार्टीलाई एकीकरण गर्ने क्षमता राख्ने केपी शर्मा ओलीले पार्टीभित्र उठेका सामान्य अन्तविरोध लाई साम्य पार्न सक्दैनथ्यो ? आफूले नरुचाएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई परिवर्तन गर्ने शक्ति केन्द्रसँग कुरा मिलेपछि कसैलाई केही नसोधी वर्तमान राजनैतिक प्रणालीलाई समाप्त गरि नयाँ संविधान बनाउने वातावरणको खोजी गर्न नियम कानूनलाई कुल्चेर पनि संसद विघटन गरी अर्को राजनैतिक अवस्था सिर्जना गरि दिएको हो ।

जनताबाट असीम शक्ति पाएर जनप्रतिनिधी सरकारभन्दा शासकको रुपमा स्थापित हुने ओलीको निरंकूश सामन्ती संस्कार पूर्वदेखि देखिँदै आएको हो । जीवनको अन्तिम समयमा केही नयाँ कुरा गरेर गएपछि अनौठो इतिहास बनाउने उनको चाहना रहेको छ ।

आफ्नो सहकर्मी होस् कि सेवा निवृत सम्माननीय प्रधान न्यायाधीश हरु, वरिष्ठ पत्रकार होस् कि राजनैतिक विश्लेषक, राजनैतिक दलहरु होस् कि प्रवुद्धवर्ग, आफ्नो कदमलाई असंवैधानिक भन्ने जो कोहीलाई तल्लो स्थरको राजनैतिक गाली दिने घोचपेच गर्ने, अपमान गर्ने, धम्काउने प्रधानमन्त्रीको क्रियाकलाप राजनीतिलाई गलत दिशातिर लैजाने सबैले संदेह गर्न लागेको हो ।

प्रधान न्यायाधीश जस्तो गरिमामय पदको अनुभव प्राप्त गरेका सम्माननीय व्यक्तिहरुलाई सर्वोच्च अदालतमा जागिर खाएको भरमा धेरै बुझ्ने जस्ता अपमान जनक शब्दहरु प्रयोग गर्नु, प्रचण्ड-नेपाल गुटलाई "चुनाव १० वटा सीट ल्याएर देखाउन" चुनौती दिनु, सबैलाई अपमान, तिरष्कार तथा घोचपेच गरी आन्दोलन उठाउने केपी शर्मा ओलीको तीव्र-चाहना अब विस्तारै सतहमा आउन थालेको हो ।

कानून जान्ने बुझ्ने, सूक्ष्मभेदी राजनैतिक दाव बुझ्ने समाजका हरेक तब्का प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटनको कदमलाई, मन्त्री परिषदको विस्तारलाई तथा संवैधानिक आयोगको पदपूर्ति आदिलाई असंवैधानिक भन्दै विरोधमा उत्रेका छन् । ओलीको कदमलाई सही ठहऱ्याउने अन्धभक्तको पनि कमी छैन ।

राणा शासनको "मुखे कानून" किम्वदन्तीको केपमा बुढापाकाहरु को मुखबाट सुन्थे, आज प्रत्यक्ष ओलीको शासनकालमा हेर्न पाईयो । नेपालको राजनीति नेपाली काँग्रेस र नेकपाको लागि खल्तीमा रहेको "पान सुपारी" हो, जतिबेला पनि चपाउन मिल्छ । किनभने राजनीति यी दुई पार्टीको कब्जाबाट मुक्त हुन नसकेकोले यस्ता घटनाहरु स्वाभाविक रुपमा घटि रहने हो ।

आन्दोलन प्रतिको सोच

१) नेकपा प्रचण्ड-नेपाल समूहले जनताको भीषण आन्दोलनबाट आलीलाई अपदस्थ गराएर "संघीय लोकतान्त्रिक गणतन्त्र" को रक्षा गर्ने चाहनाका साथ आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ । नेकपाको समग्र कार्यकर्तामाझ "रुनु न हास्नु" को अवस्था छ । नेकपा (माओवादी) र एमालेबीच भएको एकीकरणपछि अहिले भएको विभाजनमा दुबैतिर दुबै पार्टीका कार्यकर्ता छन् । पार्टी विभाजनपछि प्रचण्ड-नेपाल समूहले आन्दोलन आह्वान गरेपनि आन्दोलनमा उर्जा देखिन्न ।

२) नेपाली काँग्रेसमा आन्दोलनका लागि मति मिलेको छैन । रामचन्द्र पौडेल समूहले सरकारले "संघीय लोकतान्त्रिक गणतन्त्र" मास्न लागेको, यसको विरुद्ध आन्दोलन गरि संविधानको रक्षा गर्ने, अनि मात्र चुनाव लड्ने कानूनन् कुरा गरि रहेको छ भने देउवा समूह चुनावका लागि तयारी गर्ने मानसिकतामा छन् । कार्यकर्ताहरुको दबावका कारण आन्दोलनमा जोश जाँगर छैन । शेरबहादुर देउवा र ओलीको आन्तरिक साँठगाँठ रहेका कारण प्रणाली जे भएपनि चुनावलाई उपयोग गरी पहिलो पार्टी बन्ने देउवाको आन्तरिक मनसाय रहेकोले पार्टीभित्रको दुई धारको संघर्षका कारण आन्दोलन शिथिल रुपमा रहेको छ ।

३) जनता समाजवादी पार्टी "संघीय लोकतान्त्रिक गणतन्त्र" को संविधान घोषणाको दिनलाई "कालो दिवस" मनाउनेले आज यस संविधानको रक्षा गर्न आन्दोलनमा होमिएको छ । मधेशी जनतालाई वलिदानी आन्दोलन गर्न उक्साई रहेको छ । ओलीलाई हटाएर प्रचण्ड-नेपाललाई वा शेरबहादुर देउवालाई स्थापना गरी च्याँखे थाप्ने मनसायले जसपा आन्दोलित छन् ।

४) नागरिक समाज वुद्धिजीबी लगायत समाजका प्रवुद्धवर्ग ओलीको तानाशाही कदम विरुद्ध नैतिकताले आन्दोलनमा उत्रि रहेका छन् । अहिले दैध मन: स्थितिमा रहेका कारण आन्दोलन उर्जावान बनिरहेको छैन । तर समाजको हरेक क्षेत्र ओलीको असंवैधानिक कदम विरुद्ध रहेका कारण विस्तारै आन्दोलन चर्कने सम्भावना देखिन्छ ।

शिथिल आन्दोलन न विपक्षको लागि निर्णायक हुन्छ न ओली सरकारको लागि । त्यसैले ओली आफ्नो विरोध गर्नेहरुका लागि आक्रामक भएर आन्दोलनका लागि उक्साइरहेको छ । आन्दोलनले विध्वंशक रुप लिएपछि ओलीले पूर्व निर्धारित संकटकाल घोषणा गरी राजनैतिक कोर्स परिवर्तन गर्ने रणनीति लिएको छ । चर्को आन्दोलन विपक्षलाई फायदा दिनुको साटो ओलीको लागि लाभदायक सिद्ध हुने कुरा देखिन्छ ।

पटक पटक अग्रगमनभन्दा पश्चगमनमा देश जानुको कारण राजनीतिमा सक्रिय रुढिवादी सामन्ती प्रवृति हो जो अग्रगमनमा वर्गीय घाटा हेर्छ । पश्चगमनमा शासक र शासकीय प्रवृति लाभान्वित रहने भएकोले शासकवर्गको यो खेल जनतालाई बुझ्न अब कठीन छैन । (मधेश दर्पण फिचर सेवा)


## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०



## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

# झापा र मोरंगबाट प्रतिबन्धित लागुऔषध खैरोहिरोईन सहित आठ पक्राउ



बिराटनगर। झापा र मोरंगको विभिन्न स्थानबाट प्रतिवन्धीत लागुऔषध खैरोहिरोइन र ट्यावलेट सहित ८ जना प्रहरीको फन्दामा परेका छन्।

मोरङ रतुवामाई नगरपालिका वडा नं. ४ आमबारी चौकबाट सोमवार दुई जना खैरोहिरोईन सहित पक्राउ परेका छन्। पक्राउ पर्नेमा रतुवामाई नगरपालिका वडा नं. २ झुर्कियाका ४२ बर्षीय मोहम्मद रफिक मिया र भारत अररिया जिल्ला कुचहा धाताका २२ बर्षीय मोहम्मद नवाब आलम रहेका छन।

भारतिय नम्बर प्लेट बीआर ३७ यू ५८२३ नम्बरमा सवार गरी आएका दुबै जनालाई नियन्त्रणमा लिई उनिहरुलाई चेकजाँच गर्दा १२६ ग्राम १४ मिलिग्राम खैरोहिरोईन ब्राउनसुगर फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

त्यसै गरी झापाको मेचीनगर नगरपालिका वडा नं. ६ बाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित २ जना पक्राउ परेका छन्।

सोमवार उपमहानगरपालिका वडा नं. १७ का २४ बर्षीय ईश्वर थापा र पाँचथरको हिलिहाङ गाउँपालिका वडा नं. २ का २८ बर्षीय अरुण सुब्बालाई ५० ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ।

त्यस्तै ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका वडा नं. ३ का २० बर्षीय समिर तामाङ र २२ बर्षीय नविन लिम्बुलाई १ ग्राम ६०० मिलिग्राम ब्राउनसुगर सहित सोमवार बेलडागीबाट पक्राउ गरेको हो।

त्यसैगरी लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले बुद्धाशान्ति गाउँपालिका वडा नं. ४ का २२ बर्षीय प्रवेश माझीलाई ६ ग्राम ब्राउनसुगर सहित पक्राउ गरेको छ। बिशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले माझिलाई किरात चोकबाट पक्राउ गरेको हो।

ईलाका प्रहरी कार्यालय काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका वडा नं. ५ का १५ बर्षीय रमेश राजवंशीलाई लागुऔषध लुपिजेसिक ३० सिसि, डाईजोपिन ३० सिसि र प्रोमोथाईजिन ३० सिसि गरि जम्मा ९० सिसि सहित मेचीनगर नगरपालिका वडा नं. ६ बाट पक्राउ गरेको छ। लागुऔषध सहित पक्राउ परेका आठै जनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# नेकपा विप्लव समुहको इन्चार्ज हातहतियार सहित पक्राउ

विराटनगर। नेपाल कम्यूनिष्ट पार्टी विप्लव समुहको मोरंग जिल्ला इन्चार्ज डिवी सिलवाल भन्ने धन बहादुर बिक हातहतियार सहित पक्राउ परेको छ।

मोरङ बुढीगंगा गाउँपालिका वडा नं.४ स्थितमा नेपाल कम्युनिष्ट पार्टी विप्लव समुहका कार्यकर्ताद्वारा उद्योगी व्यवसायीहरुलाई धम्काई चन्दा रकम असुल्ने लगायतका अन्य गतिविधि गरिरहेको सुचना प्राप्त भएकोले जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी टोली खटिई खोजतलास गर्दा सिलवाल पक्राउ परेको हो।

पक्राउ परेका सिलवाल जिल्ला संखुवासभा गाउंविकास समिति मादी रामबेनी वडा नं.७ साविक भई हाल मादी नगरपालिका वडा नं.४ ओखरबोटे बस्ने वर्ष ३२ को डिबि सिलवाल भन्ने धन बहादुर बिकलाई नियन्त्रणमा लिई अनुसन्धान गर्दा प्रतिवन्धित नेकपा विप्लव समुहमा आबद्ध रहेको खुल्न आएकोक छ।

मोरङ जिल्ला ईन्चार्ज समेत रहेको सिलवालको शरीर खानतलासी गर्ने क्रममा हतियार सहित सिलवालले लगाएको जिन्स पाईन्टको अगाडिपट्टीको बाँया गोजीबाट बटको भागमा काठ समेत भएको सेमी अटोमेटिक पोस्तोल १ थान, सोही पाईन्टको अगाडिपट्टीको दाहिने गोजीबाट म्यागिजनमा लोड अवस्थामा के एफ ७.७५ लेखिएको गोली राउण्ड थान ३ र आकासे रंगको ज्याकेटको अगाडिपट्टीको दाहिने गोजिबाट ओपो कम्पनिको सिम बिनाको मोबाईल थान १, वरामद भएको छ।

त्यसैगरी दुईवटा सिम कार्ड प्रयोग भएको कलर्स कम्पनिको मोबाई थान १, दुईवाट सिमकार्ड प्रयोग भएको रेयट कम्पनीको मोबाईल थान १, दुईवटा सिम कार्ड प्रयोग भएको कलर्स कम्पनीको मोबाईल थान १, पाईन्टको पछाडिपट्टीको दाहिने गोजिमा रहेको खैरो रंगको पर्स लेग एनटीसी को खाली सिम थान ४, एनसेल को खाली सिम थान १, सवारी चालक अनुमति पत्र थान १ र को.२४ प ४००५ नम्बरको पल्सर मोटरसाईकल थान १ बरामद भएको छ।

सामानहरु कानून बमोजिम बरामद गरी जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई हातहतियार खरखजना कसूरमा थप अनुसन्धान कार्य भई रहेको छ।

साथै निज धन बहादुर बि.क.ले मंसिर २३ गते जिल्ला मोरङ मिक्लाजुङ्ग गाउंपालिका वडा नं १ बर्खेको राजेन्द्र श्रेष्ठलाई कर्तब्य गरी मारेको कसूरमा प्रतिवादी रहेको समेत अनुसन्धानमा देखिएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं।

# भन्सार छलिको डिजल बरामद

विराटनगर। अबैद्ध भन्सार छलीको डिजेल जिल्ला प्रहरी कार्यालय मोरंगबाट खटिएको प्रहरीले बरामद गरेको छ।

प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले बिना बिल मोटरसाईकल र सिटिमा ११ सय लिटर डिजल नेपालबाट भारततर्फ लाँदै गरेको अबस्थामा सवारी साधन सहित मानिसलाई प्रहरील पक्राउ गरेको हो।

समेतलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई आवश्यक कारवाहीको लागी मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाउने कार्य भई रहेको।

बरामद सवारी साधन तथा पक्राउ मानिसहरुमा को.२ स १८०७ न.को सिटि रिक्सामा अ. ४ सय लिटर डिजल सहित चालक जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ११ बस्ने बर्ष ४५ को नरेश सहनी, बा. १६ प ३७०२ न.को मोसामा अ. १ सय ७५ लिटर डिजल सहित चालक जिल्ला सुनसरी साहेबगंज बस्ने बर्ष १८ को सुरज साह, को.३ प ३३६१ न.को मोटर साईकलमा १ सय ७५ लिटर डिजल रहेकोमा चालक फरार भएको थियो।

त्यसैगरी को.२ प २४३० न.को मोसामा १ सय ७५ लिटर डिजल रहेकोमा चालक फरार, को.५ प ८८६७ न.को मोसामा १ सय ७५ लिटर डिजल रहेकोमा चालक फरार भएको थियो।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX
Maximum care for life

INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

